LI-BIRD

CELEBRATING 20 YEARS of Research & Development in Nepal

*Diversifying Choices, Securing Livelihoods*

# गह्रे खेतीका लागि दिगो कृषि प्रविधि

## एक परिचय



## चुनौतीहरू

एसिया महादेशमा लाखौं किसानहरू पहाडी गह्रामा खेती गर्दछन् । त्यस्ता गह्रामा खेती गरेर जीविकोपार्जन गर्ने किसानहरूले झेलिरहेका चुनौतीहरू यस प्रकार छन्:

१. सीमित खेतीयोग्य जमिन



२. सीमित सिँचाइको सुविधा



३. जमिनको उर्वराशक्तिमा ह्रास तथा माटामा सूक्ष्म तत्त्वहरूको कमी



४. खेती गरिएका भिराला जमिनबाट अत्यधिक अपवाह तथा भू-क्षय



५. बढ्दो वैदेशिक रोजगारका कारण कृषि श्रमिकमा कमी तथा महिलामा थप कार्यभार



माथि उल्लेखित चुनौतीहरूलाई ध्यानमा राखी 'गह्रे खेतीका लागि दिगो कृषि प्रविधि' परियोजनाले संसार का अरू ठाँउका व्यावसायिक र सुलभ प्रविधि भित्र्याई परीक्षण र विस्तार गर्ने उद्देश्य लिएको छ ।

## अनुसन्धान

यस परियोजनाले किसानद्वारा मन पराइएका, सुलभ मूल्यमा पाइने दिगो कृषि सामग्रीहरूको परीक्षण गर्नेछ । यसले किसानको आयस्रोतमा वृद्धि गर्दै महिलाको कार्यभारमा कमी ल्याई समानुकूलन क्षमता वृद्धि गर्न र पानी तथा माटाको दिगोपना सुनिश्चित गर्न मद्दत पुऱ्याउनेछ । परियोजनाले यस्ता नयाँ प्रविधिको परीक्षणपश्चात् पहिचान भएका उपयुक्त प्रविधि तथा सूचनाको विस्तार को माध्यम निजी कम्पनीहरूलाई बनाउनेछ । जसका आधिकारिक बिक्री केन्द्रहरूको सहकार्यमा स्थानीय विक्रेताद्वारा वितरणमा यसको प्रभावकारिताको परीक्षण गर्नेछ । अनुसन्धानका उद्देश्यहरू यसप्रकार रहेका छन्:

» पहाडी क्षेत्रमा खेतीयोग्य जमिनको २०-५०% क्षेत्र ओगट्ने कान्लाहरूको समेत उपयोग गरी गह्रे खेती प्रणालीलाई थप उत्पादनशील बनाउने;
» कृषिमा हुने महिलाको कामको भारमा कमी ल्याउनाका साथसाथै चित्र-पुस्तिकाका माध्यमबाट असल अभ्यासहरू निरक्षर महिलाहरूसम्म पुऱ्याउने;
» गह्रे खेतीको दिगोपनलाई प्रोत्साहन गर्न क्यानडाको ग्वेल्फ विश्वविद्यालयद्वारा विकसित गरिएका प्रविधिको प्रयोग गरी माटामा राइजोबियम जीवाणु र कोसे बालीको सहजीवी सम्बन्धद्वारा जैविक नाइट्रोजनको उत्पादन बढाउने;
» जलवायु परिवर्तन समानुकूलन क्षमता अभिवृद्धिमा मद्दत गर्न सस्ता र सुलभ प्रविधिहरू परीक्षण तथा प्रयोग गर्ने;
» किसानको सशक्तीकरणका लागि अनुसन्धानात्मक क्रियाकलापमा उनीहरूको सहभागिता बढाउने साथै स्थानीय अन्वेषकहरूलाई प्रोत्साहन र सबलीकरण गरी परनिर्भरता कम गराउने;
» उचित प्रविधिहरू किसानहरू माझ फैलाउन, सूचना तथा सञ्चारका विभिन्न माध्यमहरू मध्ये स्मार्ट फोनको प्रयोग गरी किसानको आवश्यकता पहिचान गर्ने र जानकारी आदान-प्रदान गर्ने;
» विभिन्न दिगो कृषि प्रविधिहरू ग्रामीण र हिमाली क्षेत्रमा हाल विद्यमान खुद्रा बिक्री केन्द्रहरूको सञ्जाल मार्फत विस्तार गर्ने कार्यको परीक्षण गर्ने ।

## कार्यविधि

यस परियोजनाले विगतमा गरिएका सर्वेक्षणहरूबाट पहिचान गरिएका किसानका आवश्यकताहरूको सूचीलाई आधार मानेको छ । तिनै आवश्यकता परिपूर्तिका लागि व्यावसायिक उत्पादन र स्थानीय ज्ञानका आधारमा पहिचान भएका केही कृषि प्रविधिलाई मनोनीत पनि गरिसकेको छ । यस परियोजनाले महिला किसानहरूलाई ध्यानमा राखी पूर्वमनोनीत प्रविधिहरू आँकलन गरी तुरुन्त अपनाउनयोग्य प्रविधिहरूलाई किसानकै खेतबारीमा अनुसन्धान परीक्षण गर्नेछ ।

अनुसन्धानबाट प्राप्त प्रमाणका आधारमा ती प्रविधि/सामाग्रीहरूको बिक्री वितरण निजी कम्पनी (अनमोलबीउ कम्पनी) को प्रत्यक्ष संलग्नतामा हुनेछ । दिगो कृषि प्रविधि खरिद गर्ने उपभोक्ताहरूको नाम र ठेगानाको अभिलेख प्रयोग गरी उपभोक्ता सन्तुष्टि सर्वेक्षणका साथसाथै त्यस्ता प्रविधि वितरण सञ्जालहरूको सफलता मापन पनि गरिनेछ ।

नयाँ प्रविधिको सहभागीतामूलक परिक्षण, किसानको तरिका र आधुनिक तरिकालाई सँगसँगै दाज्ने प्रक्रिया (स्प्लीट प्लट डिजाइन) अपनाई गरिने छ ।


परम्परागत कृषक अभ्यास


सुधारिएको अभ्यास

## अपेक्षित उपलब्धिहरू

१. गह्राको कान्ला, डिल र कुनाहरूमा खेती गर्ने नमुनाको विकास
२. भिराला जमिनबाट हुने अपवाह र भू-क्षयमा कमी ल्याउने प्रविधिको विकास
३. खास गरी जमिन तयार गर्दा, जोड्दा, बीउ छर्दा, चुट्दा र मकै छोडाउँदा पर्ने महिलाको कार्यभारमा कमी
४. निरक्षर महिलाहरूका लागि दिगो खेती प्रविधिसम्बन्धी चित्रपुस्तिका
५. गोठे मल सुधार प्रविधिको विकास
६. जलवायु परिवर्तन समानुकूलन र पारिवारिक पोषणमा सुधार ल्याउन बालीमा विधिकरण
७. सुलभ सिँचाइ प्रविधिको उपयोगिता पुष्टि गर्ने प्रमाण/तथ्याङ्कको विकास
८. कोसे वालीमार्फत जैविक तरिकाबाट माटामा नाइट्रोजन बन्ने प्रक्रिया (Nitrogen fixation) मा सहायोग पुऱ्याई अधिकतम उत्पादन गर्ने प्रविधिको विकास
९. अन्न एवं र तरकारीहरूमा बाली कटानी गरिसकेपछि हुने क्षतिलाई कम गर्ने खालका प्रविधिको विकास
१०. वर्णसङ्कर मकै उत्पादनद्वारा आयआर्जनमा वृद्धि
११. किसानको अनुसन्धानात्मक क्रियाकलापमा क्षमता अभिवृद्धिका साथै परम्परागत खेती प्रणाली र आधुनिक खेती प्रविधिका बीच फरक छुट्टाउन सक्ने खुबीको विकास
१२. आधुनिक कृषि प्रविधि र अभ्यासहरू परीक्षण र विस्तार गर्न नागरिक समाज, निजी कम्पनी र शैक्षिक संस्थाहरूबीच साझेदारीको नमुना विकास


गह्राको कान्लाको प्रयोग


बीउ रोप्ने 'जब प्लान्टर'को प्रयोग


थोपा सिंचाइको प्रयोग


गुणस्तरीय मलका लागि छानो भएको मल खाडल


बीउ भण्डारण बोरा


विद्युत्तीय थ्रेसर

## परियोजनाको कार्यक्षेत्र

दिगो कृषिसम्बन्धी विभिन्न प्रविधिहरूको समुदायस्तरमा गरिने सहभागितामूलक परीक्षणका लागि यो परियोजना कास्कीको माझठाना र धादिङको जोगीमारा गरी दुई गाउँ विकास समितिहरूमा लागू हुनेछ । यद्यपि, प्रमाणित भइसकेका प्रविधिहरूको मागवमोजिम विक्री तथा विस्तार भने निजी कम्पनीको सञ्जाल मार्फत देशभरि नै गरिनेछ ।




## साझेदारी तथा कार्यान्वयनका तरिकाहरू

यो परियोजना अन्तर्राष्ट्रिय विकास अनुसन्धान केन्द्र (IDRC) क्यानडा र परराष्ट्र मामिला व्यापार तथा विकास विभाग, क्यानडा सरकारको आर्थिक सहयोगमा सञ्चालन भइरहेको छ । जसमा ग्वेल्फ विश्वविद्यालय क्यानडा, ली-बर्ड, अनमोल बीउ र नेपाल कृषि अनुसन्धान परिषद्को संगलग्नता रहेको छ । यो दोस्रो चरणको क्यानेडियन अन्तर्राष्ट्रिय खाद्य सुरक्षा अनुसन्धान कोष (CIFSRF) अन्तर्गतको कार्यक्रम हो । यस परियाजना अन्तर्गत ग्वेल्फ विश्वविद्यालयले विभिन्न किसिमका अनुसन्धानका साथै प्राविधिक सहयोग गर्नेछ भने ली-बर्डले किसानका खेतमा र नार्कले आफ्नो अनुसन्धान केन्द्रमा पहिचान नभएका प्रविधिहरूको परीक्षण गर्नेछन् । त्यसै गरी किसानबाट आएको मागका आधारमा अनमोल बीउ कम्पनीले देश-विदेशका विभिन्न कम्पनीहरूसँग सहकार्य गरी विविध कृषि सामग्री/प्रविधि स्थानीय स्तरमा उपलब्ध गराउने काम गर्नेछ । क्यानेडियन मनोनाइट विश्वविद्यालयले परियोजना लागू गर्ने संस्थाहरूलाई कृषि प्रविधिहरूको विकासमा र त्यस्ता विकसित प्रविधिहरको खासगरी महिला किसानहरूमा देखिने प्रभावको जाँच गर्न सहयोग गर्नेछ ।

## परियोजना सञ्चालन अवधि

यस परियोजनाको अवधि २०७१ साउनदेखि २०७३ माघसम्म रहनेछ ।

## दातृ निकाय

यस परियोजनामा वैदेशिक मामिला, व्यापार तथा विकास विभाग (DFATD) मार्फत क्यानडा सरकारको र अन्तर्राष्ट्रिय विकास अनुसन्धान केन्द्र (IDRC) क्यानडाको आर्थिक सहयोग रहेको छ ।

**जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड)**

पो.ब.नं. ३२४, गैह्रापाटन, पोखरा

फोनः ०६१-५२६८३४, ५३५३५७

फ्याक्सः ०६१-५३९९५६

इमेलः info@libird.org

सम्पर्क व्यक्तिः रोशन पुडासैनी (rpudasaini@libird.org)

**अनमोल बीउ प्रा. लि.**

पो.ब.नं. २८, भरतपुर, चितवन

फोनः ०५६-५२३००६

फ्याक्सः ०५६-५२३००६

इमेलः info@anamolbiu.com

सम्पर्क व्यक्तिः उत्तम अधिकारी (uttam@anamolbiu.com)

**कृषि विभाग, गोएल्फ विश्वविद्यालय**

पो.ब.नं. ५०, स्टोन रोड

फोनः १-५१९-८२४-४१२०x५३३९६

फ्याक्सः १-५१९-७६३-८९३३

सम्पर्क व्यक्तिः मनिष रैजादा (raizada@uoguelph.ca)

Foreign Affairs, Trade and Development Canada | Affaires étrangères, Commerce et Développement Canada

IDRC | CRDI
International Development Research Centre
Centre de recherches pour le développement international

Canada

LI-BIRD · UNIVERSITY of GUELPH · anamolbiu · NARC · CMU

**आवरण तस्विरः** रोशन पुडासैनी/ली-बर्ड

**डिजाइनः** महेश श्रेष्ठ/ली-बर्ड